नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, वैशाख २१ गते २०५० साल (संख्या ३

भाग ३

श्री ५ को सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालयको

सूचना १

वितर्ता उन्मूलन (तेस्रो संशोधन) नियमावली, २०५०

वितर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, वितर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "वितर्ता उन्मूलन (तेस्रो संशोधन) नियमावली, २०५०" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. वितर्ता उन्मूलन नियमावली, २०१७ को नियम २ मा संशोधनः वितर्ता उन्मूलन नियमावली २०१७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) "जग्गा कमाउने व्यक्ति" भन्नाले जोताहा निस्सा प्राप्त गरेको वा क्षेत्रीय किताबमा जोताहा लेखिएको व्यक्ति वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो व्यक्तिको मृत्यु भैसकेको भए प्रचलित नेपाल कानून बमोजिम निजको नजिकको हकवालाले वा जोताहा निस्सा प्राप्त गर्ने व्यक्तिले जग्गा कमाउन छोडी निजको लिखित मञ्जूरीले हाल जग्गा कमाई आएको व्यक्ति सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को उपनियम (२) मा रहेका "स्थानीय पञ्चायत कार्यालय वा पञ्चायत इलाकाभित्र" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीमा नियम ३क., ३ख. र ३ग. थपः मूल नियमावलीको नियम ३ पछि देहायका नियम ३क., ३ख. र ३ग. थपिएका छन्:-

"३क. "ख" श्रेणीको वितर्ता जग्गा, जग्गा कमाउने व्यक्तिको नाउँमा दर्ता गर्नेः (१) "ख" श्रेणीको वितर्ता जग्गा, जग्गा कमाउने व्यक्तिले त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता गराउन ऐनको दफा ७क. बमोजिम दरखास्त दिंदा वितर्ताको लगत, कूत, कबुलियत भर्पाइ, क्षेत्रीय किताब वा वितर्ता जग्गा हो भन्ने खुल्न आउने अन्य कुनै किसिमको अभिलेख भएसम्म त्यस्तो अभिलेख संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएपछि दरखास्तवालाले पेश गरेको प्रमाण र दरखास्तको व्यहोरा उल्लेख गरी सो उपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र उजूर गर्नु भनी सार्वजनिक जानकारीको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालय, जिल्ला विकास समिति तथा जिल्ला प्रशासन कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचना टाँस गरिएको म्याद भित्र कसैको उजूरी नपरेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा साँध सँधियार बुझ्दा दर्ताको लागि दरखास्त परेको जग्गा वितर्ता नै हो भन्ने देखिन आएमा उपनियम (१) बमोजिम दरखास्त दिंदा कुनै प्रमाण पेश नगरेको भए तापनि त्यस्तो जग्गा दरखास्तवालाको नाउँमा दर्ता गरिदिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ख. कारवाई टुंगो लगाउने अवधि: 'ख' श्रेणीको विर्ता जग्गा जग्गा कमाउने व्यक्तिले त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता गराउन ऐनको दफा ७क. बमोजिम दिएको दरखास्तको हकमा दरखास्त परेको मितिले र रैकरमा परिणत गरी दर्ता गर्न ऐनको दफा १२क. को प्रतिबन्धात्मक वाक्याँश बमोजिम परेको दरखास्तहरूका हकमा यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र कारबाई टुङ्गो लगाइ-सक्नु पर्नेछ ।

३ग. निरन्तर कारबाईमा रहेको मानिने: ऐनको दफा १२क. को प्रतिबन्धात्मक वाक्याँश बमोजिम 'ख' श्रेणीको विर्ता जग्गाको विर्ता-वालले आफ्नो नाउँमा रैकरमा परिणत गरी जग्गा दर्ता गराउन २०४९ साल आषाढ मसान्त भन्दा पहिले निवेदन दिएको रहेछ र त्यस्तो निवेदनको सम्बन्धमा निर्णय हुन बाँकी रहेछ भने त्यस्तो निवेदनलाई निरन्तर कारबाईमा रहेको मानिनेछ ।"

५. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को उप-नियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) यो नियमावली बमोजिम लगत तयार गरेपछि त्यस्तो लगतलाई हाकिमको निर्णय मानिनेछ । हाकिमले आफूले तयार पारेको लगत सबैको जानकारीको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कार्यालयमा प्रकाशित गरिनेछ । त्यसरी लगत प्रकाशित भएपछि सम्बन्धित जग्गावालाले थाहा पाएको मानिनेछ ।"

६. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को,–

(१) उपनियम (१) मा रहेको "श्री ५ को सरकारबाट यस कामको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी छेउ पठाउनेछ ।" भन्ने शब्दहरूको सट्टा "तोकिएको अदालत समक्ष पठाउनेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "आफू छेउ आएमा तोकिएको अधिकारीले" भन्ने शब्दहरूको सट्टा "आफू समक्ष आएमा तोकिएको अदालतले" भन्ने शब्द-हरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को उपनियम (३) मा ठाउँ ठाउँमा प्रयोग भएका "तोकिएको अधिकारीले" भन्ने शब्दहरूको सट्टा 'तोकिएको अदालतले" भन्ने शब्दहरू राखिएका छन् ।

सूचना २

श्री ५ सरकारले गुठी संस्थान ऐन, २०३३ को दफा ६३ ग. को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी आवश्यक देखिएको जिल्लामा देहाय बमोजिमको जिल्ला गुठी संचालन सहयोग समिति गठन गर्ने र सो समितिको काम, कर्तब्य र अधिकार तथा कार्यविधि देहायबमोजिम हुने गरी यो आदेश जारी गरी तोकेको छ ।

१. जिल्ला गुठी संचालन सहयोग समितिको गठनः– (१) जिल्ला गुठी संचालन सहयोग समिति (यस पछि समिति भनिएको) मा देहायबमोजिमको अध्यक्ष र सदस्यहरू रहने छन्:–

(क) धार्मिक, साँस्कृतिक कार्यमा अभिरूची भएका जिल्लाका प्रतिष्ठित व्यक्तिहरूबाट गुठी संस्थानको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति– अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी– सदस्य

(ग) जिल्ला विकास समितिको प्रतिनिधि– सदस्य

(घ) जिल्लाको सामाजिक, धार्मिक तथा अन्य क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरू मध्ये गुठी संस्थानको सिफारिशमा श्री ५ को सरकारले मनोनीत गरेको बढीमा ७ जनासम्म– सदस्य

(ङ) जिल्लास्तरीय गुठी कार्यालय भएको जिल्लामा त्यस कार्यालयको प्रमुख र सो कार्यालय नभएको जिल्लामा माल वा मालपोत कार्यालय प्रमुख– सदस्य-सचिव

(२) समितिको अध्यक्ष र उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ र निजहरू पुन मनोनीत हुन सक्नेछन् ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा गुठी संस्थानको सिफारिशमा समितिको अध्यक्ष र उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरूमा हेरफेर गर्न सक्नेछ ।

२. समितिको काम, कर्तब्य, र अधिकारः– (१) जिल्लास्थित विभिन्न प्रकारको गुठीसंग सम्वन्धित जग्गाहरूको सुव्यवस्था र सो संग सम्बन्धित गुठी संचालन गर्न गुठी संस्थानलाई सहयोग गर्नु समितिको कर्तव्य हुनेछ र सो सम्बन्धमा समितिलाई देहायबमोजिमको कामहरू गर्ने अधिकार हुनेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जिल्लास्थित बिभिन्न गुठीसंग सम्बन्धित जग्गाहरूको लगत तयार गरी सर्भेक्षण, वर्गीकरण गर्ने गराउने र सो जग्गाको नियमित निरीक्षण गर्ने,

(ख) जग्गा जमीन लगायत गुठीको सबै प्रकारको सम्पत्ति हिमामिना भएको वा अनियमित तरिकाबाट उपयोग गरेको देखिएमा सो को संरक्षण गरी गुठी सम्पत्ति अतिक्रमण हुन नदिनेतर्फ आवश्यक कारवाही गर्न सुझाव दिने,

(ग) गुठी आयस्ताको लगत तयार गर्ने, यस्तो लगत बनाउँदा एकसाला र बक्यौता समेत छुट्टिने गरी तयार गर्नु पर्नेछ। बाँकी रहेका गुठी वालीको समय र स्थान हेरी मूल्य निधारण गरी लगत तयार गर्नु पर्ने,

(घ) असूल गर्न बाँकी रहेका गुठी आयस्ता समेतको एकसाला र बक्यौता रकम असूल गर्न जिल्ला गुठी कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(ङ) गुठी जग्गा समेतबाट हुने आयस्ता अभिवृद्धि गर्ने कार्यमा गुठी संस्थानलाई आवश्यक सहयोग गर्ने,

(च) गुठी जग्गाको स्वामित्व परिवर्तन नहुने गरी धार्मिक तथा सांस्कृतिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने किसिमबाट गुठी जग्गामा विशेष योजनात्मक रूपबाट आयमूलक कार्यक्रम संचालन गर्न गराउन सुझाव दिने,

(छ) मोही भएको गुठी जग्गामा धर्म संस्कृति लोप नहुने किसिमबाट जग्गा अनुसार मूल्य निर्धारण गरी रैतान गराउन सुझाव दिने,

(ज) गुठी परम्परा अनुसार संचालन भई आएको पूजा, आजा, जात्रा, पर्व संचालन भई आएको छ छैन हेरी पूजा आजा, जात्रा, पर्व संचालन गर्न गराउन आवश्यक देखिएको सबै कार्य गर्न गुठी संस्थानलाई सहयोग गर्ने,

(झ) गुठी आयस्ता अनुसार जिल्ला स्थित मठ, मन्दिर, सत्तल, पाटी तथा पौवाको संरक्षण र जिर्णोद्धार गरी रूखपात, फूल बगैंचाको सदुपयोग गर्न गराउन आवश्यक सहयोग गर्ने,

(२) उपदफा (१) मा उल्लेखित कार्य गर्नको लागि समितिले गुठी संस्थानको सहमति लिई देवताको चल अचल सम्पत्ति, भेटि-घाटी र आवश्यक परे चन्दा समेत प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (१) मा लेखिएका कार्यहरू व्यवस्थित रूपले सम्पन्न गर्ने सम्बन्धमा सहयोग गर्न समितिले आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ।

(४) समितिलाई तोकिएको काम कारवाहीका सम्बन्धमा समितिले गुठी संस्थान प्रति जिम्मेवार हुनु पर्नेछ।

(५) समितिले आफूले गरेको कार्यहरूको मासिक एवं वार्षिक प्रतिवेदन गुठी संस्थानले तोकेको ढाँचामा गुठी संस्थान समक्ष पेश गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले बोलाउने छ र समितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्ने छ ।

(३) समितिको बैठक बस्ने स्थान, मिति, समय र बैठकको विषयको सम्बन्धमा अध्यक्ष तथा सदस्यहरूलाई २४ घण्टा अगाडि लिखित रूपमा जानकारी दिनु पर्छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत हुनेछ तर गणपूरक संख्या नपुगी अर्को बैठक बोलाउन पर्दा समितिको सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

(७) समितिको बैठकमा विषयको गम्भिरतालाई हेरी सम्बन्धित विषयका ज्ञाता, विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ तर आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन ।

(८) समितिको निर्णय वा आदेश सदस्य सचिवले प्रमाणिम गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

४. समितिको खर्चको व्यवस्थाः– (१) समितिलाई आवश्यक पर्ने प्रशासकीय खर्चको व्यवस्था गुठी संस्थानले गर्नेछ ।

(२) समितिका अध्यक्ष र सदस्यहरूले गुठी संस्थानले तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

(३) समितिले आफूलाई खर्च गर्न तोकेको रकम गुठी संस्थानको आर्थिक विनियमको अधिनमा रही खर्च गर्नु पर्नेछ ।

५. उच्च प्राथमिकता दिनेः– गुठी संचालन गर्ने, गुठी सम्पत्ति संरक्षण गर्ने, गुठी आयस्ता अभिवृद्धि गर्ने लगायतका दफा २ को उपदफा (१) बमोजिम समितिले दिएका सुझावहरूलाई गुठी संस्थानले उच्च प्राथमिकता दिई कार्यान्वयन गर्नेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

52